राप्ती सोनारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके
५ नं. प्रदेश, नेपाल

प.सं. २०७७/७८ मिति:२०७७/०४/०५
च.नं.

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली २०७५, को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिषद) को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतका आधारमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले **मिति २०७७ श्रावन ८ देखि २०७७ भाद्र ७ गतेसम्ममा** आफुले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, राप्ती सोनारी गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-

१) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, १ प्रति ।

२) निवेदकको पासपोर्ट साईजको फोटो, १ प्रति ।

३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं. जारी मिति तथा जारी जिल्ला ।

४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार)।

५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि: (ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रको स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

६) कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वा आम्दानी लिएको नलिएको विवरण ।

७) निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र स्वीकृत गरिने छ ।

थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

........................
दल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

वेबसाईट :www.raptisonarimun.gov.np, ईमेल:info@raptisonarimun.gov.np / raptisonarimun@gmail.com